बैठक संख्या :- १११
मिति :- ०७८।१२।१३ गते आईतवार
समय :- विहान ७.०० बजे

कमलामाई नगरपालिका नगर प्रमुख श्री खड्ग बहादुर खत्रीज्यूको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा कार्यपालिकाको बैठक बस्यो ।

उपस्थिति

| | |
|---|---|
| श्री खड्ग बहादुर खत्री | नगर प्रमुख |
| श्री मन्जु देवकोटा | उप प्रमुख |
| श्री महेश खतिवडा | वडाअध्यक्ष -१ |
| श्री नवराज थिङ | वडाअध्यक्ष -२ |
| श्री खड्ग प्रसाद चौलागाईं | वडाअध्यक्ष -३ |
| श्री महेन्द्र प्रसाद ढकाल | वडाअध्यक्ष -४ |
| श्री पूर्ण बहादुर खड्का | वडाअध्यक्ष -५ |
| श्री उज्ज्वल कुमार थापा | वडाअध्यक्ष -६ |
| श्री कर्ण बहादुर घिसिङ | वडाअध्यक्ष -७ |
| श्री टिका बहादुर मुक्तान | वडाअध्यक्ष -८ |
| श्री देवराज पौडेल | वडाअध्यक्ष -९ |
| श्री रामहरी डुङ्गेल | वडाअध्यक्ष -१० |
| श्री राम बहादुर थिङ | वडाअध्यक्ष -११ |
| श्री ललित बहादुर आले | वडाअध्यक्ष -१२ |
| श्री किरण माझी | वडाअध्यक्ष -१३ |
| श्री जितलाल अधिकारी दनुवार | वडअध्यक्ष -१४ |
| श्री शिव कुमारी रायमाझी | कार्यपालिका सदस्य |
| श्री कान्ता ढकाल | कार्यपालिका सदस्य |
| श्री रुद्र कुमारी कार्की | कार्यपालिका सदस्य |
| श्री पदम कुमारी बस्नेत | कार्यपालिका सदस्य |
| श्री सुनिता सार्की | कार्यपालिका सदस्य |
| श्री केशर बहादुर नेपाली | कार्यपालिका सदस्य |
| श्री झौला अधिकारी दनुवार | कार्यपालिका सदस्य |
| श्री नरेश विश्वकर्मा | कार्यपालिका सदस्य |
| श्री विशकसेन ढकाल | सचिव (प्र.प्र.अ) |

निर्णय नं. :- १ कार्यपालिका वाट यस पूर्व भएका निर्णयहरु छलफल भयो ।

निर्णय नं. :- २ नेपाल विद्युत प्राधिकरण लाई कमलामाई नगरपालिका वडा नं ६ स्थित बसपार्कमा र क.न.पा. भिमान बसपार्कमा चार्जिङ्ग स्टेशन स्थान उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. :- ३ यस कार्यालयमा श्री आधारभुत विद्यालय धाक्लेडाडा क.न.पा. ७ स्थित शिक्षक श्री मनोज प्रसाद काफले र गौमती मा.वि.माडीवजार स्थित नि.मा.वि.द्वितिय श्री विष्णु प्रसाद फुयाल लाई कार्यालय समय बाहेक कार्यालयको कामकाजमा बाधा व्यवधान नपर्ने गरि कानुन व्यवसाय गर्न र प्रमाण- पत्र जारि गर्न सक्ने गरि निजलाई नेपाल कानुन व्यवसाय परिषद कुपन्डोल, ललितपुरबाट जारि गरिने कानुन व्यवसाय अनुमतिको लागि सिफारिस दिने निर्णय गरियो ।

निर्णय नं. ४ :- कमलामाई नगरपालिकाको सुरक्षित आप्रबासन कार्यविधि, २०७८ र स्थानीय तह स्वास्थ्य बीमा संयोजन समिति गठन/संचालन कार्यविधि, २०७८ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं :- ५ आर्थिक वर्ष २०७८/०७९ को विनियोजित बजेटमा संघ संस्थासँग साझेदारी कार्यक्रममा वजेट विनियोजन गरिएको सो विनियोजित बजेटबाट प्रस्ताव पेश गर्ने तपशिलका संघ संस्थाहरुलाई तपशिल बमोजिमको बजेट उपलब्ध गराउने निर्णय गरियो ।

तपशलि

| | |
|---|---|
| १. ग्रामीणआर्थिक शसक्तिकरण समाज सिन्धुली | रु.१,५०,०००।- |
| २. अपाङ्ग कल्याण संघ, सिन्धुली | रु. १,००,०००।- |
| ३. सिन्धुली प्लस | रु.१,००,०००।- |
| ४. आम संचार केन्द्र ( रेडियो सिन्धुली आवाज) | रु.१,६८,०००।- |

निर्णय नं.:- ६ न्यासुर कन्स्ट्रक्शन एण्ड सप्लायर्स क.न.पा.६ सिन्धुली -प्रो. दोर्जे लामा न्यासुर) लाई 'घ' वर्गको ईजाजत प्रमाण-पत्र दिने निर्णय गरियो ।

निर्णय नं.:- ७ स्थानीय तह वित्तिय सुशासन जोखिम मूल्यकांन कार्यविधि ,२०७७ सम्बन्धी छलफल भई सो अनुसार कार्यान्वयन गर्ने ।

निर्णय नं.:- ८ कमला माध्यमिक विद्यालय ढुङ्गेवास मा स्थित नि.मा.वि तहमा रहेको गणित विषयको दरवन्दिलाई नि.मा.वि विज्ञान विषयमा परिणत गर्ने ।

निर्णय नं.:- ९ कमलामाई नगरपालिका वडा नं ७ स्थित हरिमाया पुर्वछाने मगर को चार वटा खसि भुसिया कुकुरले टोकी मारेको हुँदा आर्थिक सहायता वापत रु.२५०००।- दिने निर्णय गरियो ।

निर्णय नं.:- १० कमालमाई नगरपालिका वडा नं. ६ स्थित ट्राफिक चोकमा र वडा नं ९ स्थित आजाद स्मृत पार्कमा खुला व्यायमको लागि समानहरु राखि संचालन गर्ने निर्णय गरियो ।